फोन. 081-536151,536338
टोलफ्री नं. 1660 81 52052
वेभसाइट : www.nepalgunjmun.gov.np
इमेल : nepalgunjmun@gmail.com

# नेपालगञ्ज उप–महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### नेपालगञ्ज बाँके, लुम्बिनी प्रदेश, नेपाल ।

## सीपमूलक तालिम कार्यक्रम सञ्चालनका लागि तालिम प्रदायक संस्थाहरुलाई प्रस्ताव पेश गर्ने वारे अत्यन्त जरुरी सूचना

**(दोश्रो पटक प्रकाशित मिति २०८०।०८।३०)**

नेपालगञ्ज उप-महानगरपालिकाको चालू आ.व.२०८०।०८१ का लागि स्वीकृत लामो र छोटो अवधिका सीपमूलक तालिम कार्यक्रम अन्तर्गत् टायल, मार्बल फिटर तालिम (३ महिना, कूल ३९० घण्टा), मोबाईल मर्मत तालिम (३ महिना, कूल ३९० घण्टा) र कूक तालिम (४५ दिन, कूल १८५ घण्टा) कार्यक्रम सञ्चालन गरि उक्त तालिमको माध्यमबाट उनीहरुको जीविकोपार्जनमा सकारात्मक प्रभाव पार्ने उद्धेश्यका साथ देहायका तालिम कार्यक्रमहरु सेवा खरिद मार्फत् सञ्चालन गर्नुपर्ने भएकोले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) बाट सम्बन्धन लिई उक्त क्षेत्रमा आवद्ध ख्यातीप्राप्त, अनुभवी एवं विशेषज्ञता हासिल गरिसकेका तालिम प्रदायक संस्था/कम्पनिहरुलाई गुणस्तर तथा लागत विधिका माध्यम बाट सेवा खरिद गरि तालिम सञ्चालन गर्नुपर्ने भएकोले देहाय बमोजिमको अधिकतम लागत अनुमानित रकममा के कति घटि दरमा सञ्चालन गर्न सकिने हो ? तोकिएको कार्यक्षेत्रगत शर्त (ToR) बमोजिम प्राविधिक तथा आर्थिक प्रस्ताव अलग-अलग खाममा खामबन्दी गरि दुवै खामलाई पुनः अर्को एक खाममा राखि उक्त खाम शिलबन्दी गरि शिलबन्दी खाम सहितको पूर्ण प्रस्ताव, सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस कार्यालयमा पेश गर्नहुन दोश्रो पटक यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | तालिमको नाम | प्रति व्यक्ति दर | संख्या | जम्मा लागत अनुमान रु (मू.अ.कर समेत) |
|---|---|---|---|---|
| १ | टायल, मार्बल फिटर तालिम (३ महिना, कूल ३९० घण्टा) | १९,९१६।२५ | २३ | ४,५८,०७३।७५ |
| २ | मोबाईल मर्मत तालिम (३ महिना, कूल ३९० घण्टा) | २८,४५०।- | २४ | ६,८२,८००।- |
| ३ | कूक तालिम (४५ दिन, कूल १८५ घण्टा) | १४,८८७७५ | २३ | ३,४२,४१८।२५।- |
| **जम्मा** | | | **७० जना** | **१४,८३,२९२।-** |

**<u>प्राविधिक तथा आर्थिक प्रस्तावका साथ संलग्न गर्नुपर्ने देहाय बमोजिम कागजातहरुको प्रतिलिपि</u> :**

(१) नियमानुसार सम्बन्धित निकाय, अन्य स्थानीय तह वा यस उप-महानगरपालिकामा दर्ता तथा नविकरण भएको प्रमाणपत्र, (२) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट चालू आ.व. मा उल्लेखित तालिम सञ्चालन गर्ने गरि लिएको सम्बन्धनको प्रमाणपत्र, (३) मू.अ.कर (VAT) दर्ता प्रमाणपत्र, (४) उप-महानगरपालिकाको मौजुदा सूचीमा सूचिकृत भएको प्रमाणपत्र, (५) आ.व.२०७९।०८० को लेखा परिक्षण प्रतिवेदन (आन्तरिक राजस्व कार्यालयबाट म्याद थप भएको भए पत्र) (६) आ.व.२०८०।०८१ को कर चुक्ता प्रमाणपत्र (आन्तरिक राजस्व कार्यालयबाट म्याद थप भएको भए पत्र) (७) आफ्नै कार्यालय भएको वा वहालमा लिएको भए सो सम्बन्धि प्रमाणपत्र, (८) उप-महानगरपालिकामा बुझाउनु पर्ने सवै प्रकारका कर चुक्ता गरेको, (९) संस्था कालो सूचीमा नपरेको व्यहोरा अध्यक्ष स्वयंले स्वघोषणा गरि पत्र संलग्न गरेको, (१०) प्रस्ताव तयार गर्दा कार्यक्षेत्रगत शर्त (ToR) का आधारमा तयार गरेको हुनुपर्नेछ, (११) साझेदारीमा (Joint Venture) मा काम गर्न चाहेमा बढिमा २ वटा संस्थाहरु मिलेर प्रस्ताव पेश गर्न सक्नेछन तर कुन संस्थाले नेतृत्व गर्ने हो सो व्यहोरा साझेदारी गर्ने संस्थाले स्पष्ट रुपमा आफनो संस्थाको लेटरप्याडमा खुलाई दुवै संस्थाका अध्यक्ष वा कानून बमोजिम अधिकार प्राप्त अधिकारीले दस्तखत गरी संस्थाको छाप समेत लगाई प्रस्ताव साथ संलग्न गरेको हुनुपर्नेछ, (१२) संस्थाको विधानमा भएको उद्धेश्य र प्रस्तावित कार्यक्रम विच तालमेल भएको हुनुपर्नेछ, (१३) कर कट्टी लगायत अन्य विषयहरु आर्थिक प्रशासन ऐन, नियमावली बमोजिम

हुनेछ, (१४) विषयगत तालिम सञ्चालनका लागि उपयुक्त वातावरण भएको, प्रयोगात्मक सामाग्री सहितको उचित व्यवस्थाका साथै स्थानीय संस्थाहरुबाट आएको प्रस्तावलाई विशेष प्राथमिकता दिईनेछ, (१५) ३ (तिन) वटै तालिमको विषयमा प्रस्ताव पेश गरेको हुनुपर्नेछ र प्रस्तावको प्रत्येक पानामा प्रस्तावदाता वा निजको अधिकार प्राप्त प्रतिनीधिले दस्तखत गरि प्रमाणितका साथै संस्थाको छाप समेत लगाएको हुनुपर्नेछ । (१६) प्रस्ताव नेपाली भाषामा तयार गरेको हुनुपर्नेछ र प्रस्तावको ढाँचा आफखुशी प्रयोग गर्न सकिनेछ । (१७) प्रस्ताव दर्ता गर्दा रु १०००।- (एकहजार, राजस्व फिर्ता नहुने गरी) यस कार्यालयको राजस्व शाखामा नगद बुझाई रसिद पेश गर्नुपर्नेछ । (१८) प्रस्तावदाताहरुले उप-महानगरपालिका कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात् २०८० पौष १४ गते कार्यालय समय भित्र, उक्त दिन विदा भएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र प्रस्ताव दर्ता गरिसक्नुपर्नेछ, (१९) दर्ता भएका सवै प्रस्तावहरु प्रस्ताव बुझाउने अन्तिम दिनको भोलिपल्ट कार्यालयका प्रतिनीधि तथा प्रस्तावदाता प्रतिनीधिहरुको रोहवरमा खोलिनेछ र प्रस्तावदाता अनुपस्थित भएमा समेत प्रस्ताव खोल्न बाधा पर्ने छैन, (२०) यस अघि प्रस्ताव पेश गर्ने संस्थाहरुले समेत पुनः प्रस्ताव पेश गर्नुपर्नेछ । (२१) पेश गरेका प्रस्तावहरु प्रकाशित सूचना तथा कार्यक्षेत्रगत शर्त (ToR) यस कार्यालयको सूचना पाटी तथा website: www.nepalgunjmun.gov.np मा पनि हेर्न र डाउनलोड गर्न सकिनेछ । थप जानकारीका लागिः नेपालगञ्ज उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, फोन नं. ०८१-५३६३३८/५३२२४० वा सामाजिक, गै.स.सं.तथा साझेदारी विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

**(ओमबहादुर खड्का)**
**प्रमुख प्रशासकीय अधिकृत**